नेपाल सरकार
# गृह मन्त्रालय

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेलःcontrol@moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल।

## प्रेस विज्ञप्ति

रुकुम पश्चिम जिल्ला, चौरजहारी नगरपालिका वडा नं. ८ सोती भन्ने स्थानमा मिति २०७७/०२/१० गते जिल्ला जाजरकोट, भेरी नगरपालिका वडा नं. ४ बस्ने नवराज वि.क सहित ६ जनाको मृत्यु भएको सम्बन्धमा गृह मन्त्रालयद्वारा गठित छानविन समितिले घटनाका सम्बन्धमा विस्तृत छानविन गरी दोषीलाई कानूनबमोजिम कारबाही हुन सिफारिश साथ सो को प्रतिवेदन पेश गरिसकेको छ। साथै प्रस्तुत जघन्य घटनाका सम्बन्धमा नेपाल प्रहरीबाट कानून बमोजिम विस्तृत छानविन र अनुसन्धान भई अनुसन्धानबाट दोषि देखिएका प्रतिवादीहरु डम्बर बहादुर मल्ल, डिल्ली मल्ल, प्रेमबहादुर ठकुरी, परिवर्तित नाम ५४ (३६)१, सन्तोष मल्ल, मोहन पुन मगर, परिवर्तित नाम ५४ (३६)३, मान बहादुर मल्ल, टोंप बहादुर मल्ल, बिनोद मल्ल, लिपेन्द्र कुमार मल्ल, ईन्द्रबहादुर भन्ने इर्द बहादुर ठकुरी, हर्क बहादुर मल्ल तिलक चन्द, नेत्र बहादुर मल्ल, रेशम बहादुर मल्ल, परिवर्तित नाम ५४ रुकुम पश्चिम ३९, विष्णु मल्ल, बिराज पुन मगर र सर्वजित भन्ने सविन पुन समेतले गरेको कार्य मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद-१२ को ज्यान सम्बन्धी कसूरको दफा १७७(१) बिपरित कसुर अपराधमा सोही कसूरको उपदफा (२) बमोजिम सजाय हुन, पक्राउ परेका प्रतिवादी ईन्द्र बहादुर मल्लले उल्लेखित घटनाको सूचना पाएर पनि सम्बन्धित निकाय समेतलाई कुनै जानकारी नगराई उक्त घटनालाई लुकाई छिपाई मतियारको कार्य गरेको र विनोद मल्ल, रेशम मल्ल समेतका प्रतिवादीहरुले नवराज बि.क. समेतका व्यक्तिहरुलाई लखेट्दै ल्याई नियन्त्रणमा लिई कुटपिट गर्ने कार्यमा प्रतिवादीहरु तुलबहादुर मल्ल, दिपेन्द्र चन्द, रमित पुन मगर र नविन कुमार जि.एम.ले सहयोग गरी मतियारको कार्य गरेकोले निज प्रतिवादीहरु इन्द्र बहादुर मल्ल, तुलबहादुर मल्ल, दिपेन्द्र चन्द, रमित पुन मगर र नविन कुमार जि.एम. लाई मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद- ३ को दफा ३६(१) बमोजिम कसूर अपराधमा सोही ऐनको दफा ३६(३) ख बमोजिम सजाय हुन र प्रतिवादीहरु परिवर्तित नाम थर ५४ रुकुम पश्चिम ३६, परिवर्तित नाम ५४ रुकुम पश्चिम ३६(२) ले उल्लेखित घटनाको मुख्य षडचन्त्र गरेको देखिएकोले निजहरुले गरेको कार्य मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद-२ को दफा ३३ बमोजिम कसूर गरेकोले सोही दफाको उपदफा (३) क बमोजिम सजाय हुन र मृतक तथा घाईतेहरुलाई छेका घेरा हाली ढुङ्गा, लाठी समेतले प्रहार गर्ने प्रतिवादीहरु तुलाराम घर्ती, क्वापे भन्ने लोकेन्द्र घर्ती, डिल्ली घर्ती, शौरभ पुन, भिम बहादुर बुढा, धनाराज राना र भिम

नेपाल सरकार
# गृह मन्त्रालय
फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

बहादुर पुनले गरेको कार्य सोही परिच्छेद को दफा १७८ (१) विपरीत कसूर अपराधमा सोही दफाको उपदफा (२) बमोजिम सजाय हुन र प्रतिवादीहरु डम्बर बहादुर मल्ल, डिल्ली मल्ल, प्रेम बहादुर ठकुरी, परिवर्तित नाम थर ५४ (३६), परिवर्तित नाम ५४ (३६)१, परिवर्तित नाम ५४(३६)२, सन्तोष मल्ल, परिवर्तित नाम ५४ (३६)३, मान बहादुर मल्ल, टोप बहादुर मल्ल, बिनोद मल्ल, लिपेन्द्र कुमार मल्ल, ईन्द्र बहादुर भन्ने इर्द बहादुर ठकुरी, हर्क बहादुर मल्ल, तिलक चन्द, नेत्रबहादुर मल्ल, रेशम बहादुर मल्लले जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ को दफा ४ (१) बमोजिम कसूर गरेको देखिन आएकोले सोही ऐनको दफा ७ को उपदफा १ (क) बमोजिम सजाय हुन र प्रतिवादी मध्ये डम्बर बहादुर मल्ल सार्वजनिक पद धारण गरेको व्यक्ति जननिर्वाचित जिल्ला रुकुम पश्चिम चौरजहारी नगरपालिका वडा नं. ८ का वडा अध्यक्ष (जनप्रतिनिधी) समेत भएको जिम्मेवार व्यक्तिले लकडाउनको समयमा जाजरकोटबाट केटाहरु गाउँमा छिरे तिनीहरुलाई नियन्त्रणमा लिनुपर्छ भन्ने बहानामा प्रतिवादी डम्बर बहादुर मल्लको मोवाईल नं. ९८४८९६९७३३ ले प्रतिवादी टोप बहादुर मल्लको मोबाईल नं. ९८४२३५३०२५, प्रतिवादी मान बहादुर मल्लको मोबाईल नं. ९८६६८६८९६८, प्रतिवादी नेत्र बहादुर मल्लको मोवाईल नं. ९८४१५३७६७३ मा सम्पर्क गरी गाउँलेहरुलाई एकीकृत गराई नियन्त्रणमा लिन भनी उत्प्रेरित गरेको, गोईरी औलका व्यक्तिहरुलाई समेत गलत सूचना प्रवाह गरी बाटो छेक्न लगाएको, साथै गाउँ छिरेका व्यक्तिहरुलाई नियन्त्रणमा लिने नाममा प्रहरीलाई गलत सूचना दिई गुमराहमा पारी अर्को तर्फ पठाई गाउँका मानिसहरुलाई भेला जम्मा गरी झण्डै ४ कि.मी. टाढा गईसकेका पीडितहरुलाई पिछा गर्दै लखेट्दै ढुङगा, मुढा प्रहार गरी नवराज बि.क. समेतका ६ जना व्यक्तिहरुको ज्यानै लिनेसम्मको परिस्थिती सिर्जना गरी आफू समेत उक्त कार्यमा संलग्न भएको देखिदा निज प्रतिवादी डम्बर बहादुर मल्ललाई जातिय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ को दफा ७ को उपदफा २(१) बमोजिम थप सजाय हुन र प्रतिवादीहरु डम्बर बहादुर मल्ल, डिल्ली मल्ल, तुल बहादुर मल्ल, प्रेम बहादुर ठकुरी, परिवर्तित नाम ५४(३६)१, सन्तोष मल्ल, मोहन पुन मगर, परिवर्तित नाम ५४ (३६)३, मान बहादुर मल्ल, टोप बहादुर मल्ल, बिनोद मल्ल, लिपेन्द्र कुमार मल्ल, ईन्द्र बहादुर भन्ने इर्दबहादुर ठकुरी, हर्क बहादुर मल्ल, तिलक चन्द, नेत्र बहादुर मल्ल, रेशम बहादुर मल्ल, परिवर्तिन नाम ५४ रुकुम पश्चिम

नेपाल सरकार

# गृह मन्त्रालय

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

नेपाल सरकार
गृह मन्त्रालय

३९, बिष्णु मल्ल, तुलाराम घर्ती, क्वापे भन्ने लोकेन्द्र घर्ती, डिल्ली घर्ती, शौरभ पुन, भिम बहादुर बुढा, बिराज पुन मगर, सर्वजित भन्ने सविन पुन, रमित पुन मगर, नविन कुमार जि.एम, धनाराज राना, दिपेन्द्र चन्द र भिम बहादुर पुन समेतको मिलेमतो तथा योजना बनाई प्रतिवादीहरुले ज्यानै मार्ने मनसायले सांघातिक आक्रमण गरी ढुङगा, मुढा, हँसिया, लाठ्ठी समेतले प्रहार गरी लाल बहादुर खड्का, भोला बिटालु (बि.सी.), बिभाग पुन, सरोज भडेल, मद शाही, ईन्द्र जंग शाह, गोबिन्द सुनार, आशिष बि.क. सुदिप खड्का, डिल्ली बि.क., महेश कार्की र सुनिल सुनार समेतलाई घाईते बनाएको देखिदा उल्लेखित प्रतिवादीहरुले ज्यान मार्ने उद्योग समेत गरेको देखिदा मुलुकी अपराध संहिता, २०७४ को भाग – २ परिच्छेद १२ को दफा १८३ को (१) बमोजिम अपराध गरेकोले सोही दफा को उपदफा (२) बमोजिम सजाय हुन र प्रतिवादी परिवर्तित नाम ५४ रुकुम पश्चिम ३६ र परिवर्तित नाम ५४ रुकुम पश्चिम ३९ नाबालक प्रतिवादी भएकोले कानूनले तोकिएको उमेर हद पुरा भएपछि सावालक बमोजिम सजाय हुने गरी हाललाई बालबालिका ऐन, २०७५ को दफा ३६ को उपदफा (४) बमोजिम सजाय हुनका साथै हाल फरार रहेका प्रतिबादीहरु तुलाराम घर्ती, क्वापे भन्ने लोकेन्द्र घर्ती, भिम बहादुर बुढा, डिल्ली घर्ती र शौरभ पुन को हकमा सम्मानित अदालतबाट पक्राउ पुर्जी सहितको म्याद जारी हुनका साथै सोही परिच्छेदको दफा १८६ बमोजिम मृतकको परिवार तथा घाईतेहरुलाई मनासिव क्षतिपूर्ति भराई दिनहुन समेतको सम्मानित अदालतमा मागदाबी भई पीडकलाई सजाय र पीडितलाई न्याय दिने कानूनी प्रक्रिया प्रारम्भ भइसकेको छ ।

अतः यस जघन्य आपराधिक घटनाका सम्बन्धमा विस्तृत छानविन तथा अनुसन्धान पश्चात कानून बमोजिम क्षेत्राधिकार प्रास सम्मानित अदालतमा न्यायिक निरुपणका लागि अभियोजन समेत भइसकेको व्यहोरा सबैमा जानकारी गराउदै यस प्रकारका घटना दोहोरिन नदिन र दोषीहरुमाथि कानून बमोजिम कारबाही गर्न नेपाल सरकार सदैव संवेदनशील रहेको व्यहोरा समेत अनुरोध छ ।

२०७७।३।१

उमाकान्त अधिकारी
सह-प्रवक्ता

मितिः २०७७।०३।०१